Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**नेपाल महाभूकम्प २०७२ अपडेट : २९औं दिन**
**मिति : ०७२ जेठ ९**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,६४८
घाइते : १६,८०८

## विद्यालयमा कक्षा सञ्चालनपूर्वको मनोसमाजिक परामर्श

नुवाकोट विदुरका विनय राई अध्ययन गर्ने भीमसेन मावि भत्किएपछि उनलाई विद्यालय जान डर लागिरहेको छ । भूकम्पको त्रासले घरको माथिल्लो तलामा उक्लन नसकेका उनको घर भत्केको छैन तापनि उनको मनमा भूकम्पको डर हटेको छैन । भूकम्पप्रभावित क्षेत्रका विद्यार्थी मात्र होइनन्, शिक्षक र अभिभावकको पनि अवस्था विनयको भन्दा खासै फरक छैन । युनिसेफका अनुसार भूकम्पबाट १० लाख बालबालिकाको शिक्षामा असर परेको छ । भूकम्पको त्रासदीबाट मुक्त गराउन पनि पठनपाठन नियमित गराउनु आवश्यक छ ।

भूकम्पबाट १६ हजार विद्यालय भवनमा क्षति पुगेको छ भने ५ हजार प्राथमिक तथा निम्न माध्यमिक विद्यालय भवन पूर्ण ध्वस्त भएको तथ्याङ्क सार्वजनिक भइसकेको छ । कतिपय दुर्गम क्षेत्रको अवस्था अझै थाहा नभएको अवस्थामा यो संख्या बढ्ने अनुमान सहजै गर्न सकिन्छ । भत्किएका विद्यालय भवनमा सफाइ हुन सकेको छैन । क्षतिग्रस्त भवनहरुको मर्मत सम्भार आरम्भ भएको छैन । यस्तो अवस्थामा विद्यालयको पठन पाठन गर्दा सिकाइको उद्देश्य पूरा हुन सम्भव देखिँदैन । तसर्थ पठनपाठन आरम्भ गर्नुअघि मनोसामाजिक परामर्श उपलब्ध गराउनु अति आवश्यक छ ।

### उल्लेख्य

- राष्ट्रिय विपद् व्यवस्थापन अनुगमन तथा निर्देशन विशेष समितिको निर्णयअनुसार भक्तपुरमा खटिएको संसदीय समूहले राहत वितरण र उद्धारसम्बन्धी अनुगमनपश्चात् भक्तपुरमा रेडक्रसको राहत वितरण प्रभावकारी र पारदर्शी नभएको जनाएको छ ।
- भूकम्प पीडित गर्भवती र सुत्केरी महिलाहरूलाई इन्सेकले ०७२ जेठ ८ गते धादिङमा राहत वितरण गरेको छ । सुत्केरीहरूका लागि अत्यावश्यक पौष्टिक पदार्थ सहित झुल, ग्लुकोज, ज्वानो, बिस्कुट, डिटोल साबुन, टुथपेस्ट, ब्रस, ग्लासलगायतका सामग्री रहेको सुत्केरी झोला वितरण गरिएको हो ।
- पहिरोको सम्भावना रहेका ललितपुर जिल्लाका इकुडोलको सानोचिला, तल्लागोठ, घुसेलको कुटुनबेसी, झाँगल्कोट, माल्टाको काल्चे, भट्टेडाँडाको वडा नं ३,४, ७ र ९ तथा कान्ति लोकपथ आसपासका स्थानीयहरू त्रसित बनेका छन् ।
- भूकम्पका कारण रसुवामा ९ करोड भन्दा बढी मूल्यका पशुपंक्षी मरेका छन् । जिल्ला पशुसेवा कार्यालय रसुवाले गरेको प्रारम्भिक सर्वेक्षणअनुसार ९ करोड १९ लाख ९२ हजारको क्षति भएको हो ।
- नेपाल घुम्न आएका क्यानडा, जर्मनी, बेलायत, न्युजिल्याण्डबाट आएका पर्यटकले नुवाकोटको गेर्खु-३ गेर्खुटारमा भूकम्पबाट भत्किएको विद्यालयमा अस्थायी कक्षा कोठा निर्माण गर्न जुटेका छन् ।
- रामेछापको पुरानो सदरमुकाम रामेछापबासीलाई प्रकृतिले एउटा घाउमा खाटा बस्न नपाउँदै अर्को प्रहार गरेको छ । २०४५ सालमा आएको भूकम्पले दिएको पीडा सेलाउन नपाउँदै वैशाख १२, १३ र २९ गते

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

आएको भूकम्पले रामेपछाप बजारलाई ध्वस्त बनाएको छ । रामेछाप बजारमा रहेका १ सय ५० घर काम नलाग्ने गरी ध्वस्त भएका छन् ।

- भूकम्पका कारण सिन्धुली जिल्लाका ४५ वटा विद्यालय पूर्ण रुपमा क्षति भएका छन् भने २ हजार २ सय ३८ कक्षा कोठा पुन:निर्माण गर्नुपर्ने अवस्थामा छन् । भूकम्पका कारण सिन्धुलीमा मानवीय क्षति १४ जना भएको भए पनि भौतिक क्षतिको अवस्था भने निकै डर लाग्दो देखिएको छ ।
- भूकम्पमा परी सिन्धुपाल्चोक जिल्लाका ११ सय २६ जना बालबालिकाहरूको मृत्यु भएको जिल्ला बाल कल्याण समितिले जनाएको छ ।
- महोत्तरीमा महाभूकम्पबाट पीडित भएकाहरूलाई जिल्ला दैवी प्रकोप उद्धार समिति महोत्तरीले जेठ ८ गतेदेखि नगद राहत वितरण गर्न सुरु गरेको छ । कुल २ हजार २ सय ५९ घरमा क्षति भएकोमा पहिलो दिन १ हजार घरधुरीलाई करिब २७ लाख रुपियाँ वितरण गरिएको छ । भूकम्पमा परेर ज्यान गुमाएका महोत्तरीका पाँचजनाको मृतक परिवारलाई जिल्ला दैवी प्रकोप उद्धार समितिले किरिया खर्चबापत जनही ४० हजारको दरले उपलब्ध गराएको छ ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline